**समारोहका अध्यक्ष माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री,**
**पोखरा विश्वविद्यालयका उपकुलपति,**
**पोखरा विश्वविद्यालयका कार्यकारी र शिक्षक तथा कर्मचारी सदस्यहरू,**
**आदरणीय दीक्षित विद्यार्थीहरु, अभिभावक वर्गहरु, महिला तथा सज्जन बृन्द**
**यो भव्य समारोहमा आमन्त्रित भई हजारौं युवाको दीक्षित हुने खुसिमा सामेल हुन पाउनु मेरो लागि सम्मानको तथा गर्वको कुरा हो । यस दिक्षान्त समारोहमा दीक्षित हुने सम्पूर्णमा सर्वप्रथम म बधाई दिन चाहन्छु ।**

पोखरा विश्वविद्यालय चिकित्सा, विज्ञान तथा प्रविधि, व्यवस्थापन, र अन्य बिषयहरुमा अध्ययन गर्ने ३४ हजार भन्दा बढी बिद्यार्थीको साझा थलो भएका हाम्रो देशको दोस्रो ठूलो विश्वविद्यालय पनि हो । यी सबै विषयहरू हाम्रो समाजको विकासका लागि निकै नै महत्वपूर्ण छन् र म पोखरा विश्वविद्यालयको यस योगदानको कदर गर्दछु ।
पोखरा विश्वविद्यालय, पोखरा विश्वविद्यालय ऐन, २०५३ अनुसार वि.सं. २०५४ साल साउन १ गते स्थापना भएको हो । २०८० साउन १ गतेदेखि यो

२६ औं वर्षपार गरी २७ औं वर्षमा प्रवेश गर्दैछ। यस विश्वबिद्यालयले संचालन गरेका विभिन्न शैक्षिक कार्यक्रमहरुमा बिद्यार्थी संख्या उल्लेख्य रहेको छ। पोखरा विश्वविद्यालयको अहिलेसम्मका उपलब्धिहरु उल्लेखनीय छन्। राष्ट्रिय परिवेसमा हेर्ने हो भने, यस विश्वविद्यालयले अघि सरेका नयाँ कार्यक्रमहरु (School of Medical Sciences (MBBS, BDS), School of Tourism and Hotel Management, School of Mountain Environment and Natural Resource Management, Herbal Research Center) आदि निकै सान्दर्भिक छन् र म ति पहलकदमीको सफलताको शुभकामना दिन चाहन्छु। यी सबैलाई व्यवहार मा उतार्न को लागि विश्वविद्यालयको नेतृत्व र संकायहरुबाट उच्च स्तरको प्रतिबद्धता तथा अनुशासनको आवश्यकता पर्ने गर्दछ। साथै यी कार्यक्रमहरूको लागि न्यूनतम आवश्यक पूर्वाधार र मापदण्डहरू पूरा गर्न र शिक्षाको गुणस्तर कायम राख्न वास्तवमै विश्वविद्यालयले कडा मेहनत गर्नुपर्नेछ।

शिक्षणसंस्थामा Meritocracy:

पछिल्लो समयमा हाम्रा विश्वविद्यालयहरूमा Meritocracy संकटमा पर्दै गएको देखिन्छ। Meritocracy भन्नाले योग्य व्यक्ति योग्य

ठाउँमा रहनुलाई जनाउँछ । पदाधिकारी, प्रशासक, अध्यापकको छनोट देखि, अध्यापन मा समेत यो सिद्धान्त लागु गर्न अत्यावश्यक छ ।

विद्यार्थी केन्द्रितता (Student Centeredness), समता (Equity) नवप्रवर्तन (Innovation) र सुशासन (Good Governance) उच्च शिक्षाका मूल मूल्य र सिद्धान्तहरू हुन्। क्षमतावन शिक्षक मात्र नभई शिक्षकको जवाफदेहिता र उत्प्रेरणा को उत्तिकै महत्व हुन्छ ।

योग्यतामा आधारित भर्ना प्रक्रिया र आवश्यकताका आधारमा शुल्क निर्धारण प्रक्रिया समतामुलक शिक्षाको आधार हो ।

माटो सुहाउँदो शैक्षिक कार्यक्रम, व्यावहारिक सीप विकास, समुदाय र उद्योगसँगको सम्बन्धलाई प्रोत्साहित गर्दै लान सके मात्र हाम्रा बिद्यार्थीहरु आफ्नो जीवनमा सफल हुन सक्छन । Meritocracy कायम गर्न हाम्रा विश्वविद्यालयका नेतृत्वको अहम भूमिका हुन्छ । मलाई विश्वाश छ कि यस विश्वविद्यालयको नेतृत्व आफ्नो पेशा, धार्मिकता र इमान्दारितामा अडिग छ ।

आज हाम्रो देशमा उच्च शिक्षाका थुप्रै चुनौतीहरू छन्

- मानव संसाधनको अपर्याप्त संख्या र विविधता तथा गुणस्तरको अभाव
- उपलब्ध प्रविधिको कमजोर प्रयोग
- शैक्षिक क्रियाकलाप र क्यालेन्डरको कमजोर कार्यान्वयन
- सामाजिक मूल्य तथा संस्कृतिमा आधारित शिक्षामा कमि
- देशमा पाइने अवसर प्रतिको अविश्वास, उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति र त्यसले गर्दा आएको नैराश्यता
- सामाजिक सम्बेदना बिनाको शिक्षाले बिद्यार्थीहरुको चारित्रिक विकासमा प्रतिकुल असर परेको छ

**शिक्षामा अनुसन्धानको महत्वः**

विज्ञानमा भएका अनुसन्धानका कारण मानव जीवन दीर्घायु बनाउन र पीडा कम गर्न ठूलै सफलताहरू हासिल भएका छन्। उदाहरणका लागि कुनैबेला incurable मानिएको एचआईभीको करिब अन्त्य, क्यान्सरको उपचारमा नयाँ प्रबिधिको प्रयोग, जीवन बचाउने नयाँ खोपहरूको आविष्कार भएक छन् । हामीहरुले अध्यापकहरूलाई मात्र नभई

विद्यार्थीहरूलाई पनि अनुसन्धानमा प्रोत्साहन गर्ने संयन्त्रको विकास गर्नुपर्छ। उच्च शिक्षाको शुरुवातमै अनुसन्धान क्षमताको आधार तयार गरिनुपर्छ।

**आजको अनुसन्धानलाई निम्नासुरको प्राथमिकता मा राख्नु पर्दछ :**

Bench to Bedside
Molecules to Markets
Individuals to Populations

अनुसन्धानकर्तामा कमजोर नैतिकता, अनुसन्धानको क्रममा चाहिने स्रोतहरूको अभाव, विश्वसनीयतामा कमि, हाम्रा चुनौतीहरू हुन् भने, हामीसँग थुप्रै अवसरहरू पनि छन्। नेपालका आफ्नै भौगोलिक, जातीय, सांस्कृतिक र राजनीतिक समस्या छन् जसको समाधान अरु देशका लागि पनि पाठ हुन सक्छ। Global Warming जस्ता नयाँ ग्लोबल समस्या र तिनका समाधानका उपायहरू लाई संसारले महत्वका साथ हेरेको छ। आजको संसारमा तथ्यांक (Big Data) र Artificial Inteligence को बढ्दो महत्व छ। अनुसन्धानका लागि अन्तर्राष्ट्रिय साझेदारी, अनुदानको अवसर र अनुसन्धानकर्तालाई प्रोत्साहन गर्दै गएमा हामी बिस्तारै स्वतन्त्र रुपमा विज्ञान र स्वास्थ्य क्षेत्रमा

अनुसन्धान गर्न क्षमता बिकाश गर्नेछौ ।

**बौद्धिक पलायनबाट बौद्धिक उपार्जन तर्फ :**

हरेक वर्ष नेपालले शिक्षामा बजेट बृद्धि गरिरहँदा पनि गत वर्ष मात्र एकलाख दश हजार दुइ सय सत्र (१,१०,२१७) विद्यार्थीहरूले अध्ययनका लागि विदेश जान शिक्षा मन्त्रालयबाट बैदेशिक अध्ययन अनुमति पत्र (NOC) लिएका थिए । यस बाट अरबौं रुपिया नेपाल बाट बाहिर जान्छ। तर, यो सबै खराब होइन । हामीलाई अन्तर्राष्ट्रिय Exposure पनि चाहिन्छ । तर चिन्ता के हो भने युवाहरूले देशमा आफ्नो भविष्य र करियर देख्दैनन् । अन्य विभिन्न क्षेत्रहरूको तुलनामा शिक्षाको विकास उदाहरणीय छ । तर ब्यबहारिक ज्ञानको कमिले देश भित्र त्यो ज्ञानको प्रयोग हुन सकिरहेको छैन । जताततै नैराश्य छाएको देखिन्छ । नेपालमा अन्तर्राष्ट्रिय साझेदारीका साथ स्नातक शिक्षाको गुणस्तर सुधार गर्नुपर्छ । उद्योग र सेवा क्षेत्रमा व्यावहारिक एक्सपोजर बढाउनाले रोजगारीको अवसर सुधार गर्दछ । विद्यार्थीहरूलाई मातृभूमिसँग जोड्नेछ र उनीहरूमा समाजको लागि अपनत्वको भावना दिनेछ ।

विदेशमा रहेका नेपाली विज्ञहरूलाई फिर्ता ल्याउनु ठुलो चुनौती हो । विदेशमा अध्ययन सकेर

देश फर्कन चाहनेहरूलाई सो अनुसार अनुकुल वातावरण दिने प्रयास गर्नु पर्दछ । अन्तर्राष्ट्रिय डिग्रीको मान्यता कागजीरुपमा मात्र नभई दक्षताका आधारमा गरि विज्ञहरुको समकक्षताको प्रक्रिया सरल बनाई, नयाँ व्यावसायको दर्ता तथा संचालन प्रक्रिया सहज बनाई र भ्रष्टाचार विरुद्ध कडा कदमहरू चाल्न आवश्यक पर्ने देखिन्छ । र यति गर्दा विज्ञहरु फर्किने कुरामा वास्तविक सम्भावना देख्छु ।

**चिकित्सा शिक्षामा नसुल्झिएका मुद्दाहरु :**

हाम्रो देशमा चिकित्सा शिक्षाको क्षेत्रमा धेरै सुधार आएको र अरु प्रसस्त सम्भावना हुदाँहुदै पनि कतिपय मुद्दाहरु निर्क्योल गर्न बाँकी छन्

- स्वास्थ्य प्रणालीको र श्रम बजारको आवश्यकता अनुरुप शैक्षिक कार्यक्रमहरूको कमि (विश्वब्यापी पढाई हुने २०० भन्दा बढी विषयहरू मध्ये नेपालमा करिब ६० विषयको मात्र पढाई हुने गरेको छ)
- योग्यतामा आधारित भर्ना र आवश्यकताका आधारमा छात्रवृत्ति
- केन्द्रीकृत प्रवेश परिक्षा वा न्यूनतम मापदण्डका आधारमा गरिने भर्ना चिकित्सा शिक्षामा सक्षमता

(Competency) को सुनिश्चितता

- स्वास्थ्य प्रणालीको कमजोर नेतृत्वले गर्दा देखिएको कमजोर सुशासन

**प्यारा बिद्यार्थी भाई बहिनि हरु :**

अहिलेसम्मका उपलब्धिका लागि यहाँ उपस्थित सम्पूर्णलाई हार्दिक बधाई छ ।

तपाईंहरुको अगाडि सारा संसार का सम्भावना हरु छन् । आधारभूत मानवीय गुणहरूको क्षय हुँदै गएको संदर्भमा यसलाई सपार्ने जिम्मेवारी तपाईंहरुको हो । हाम्रो जीवन लेनदेन होइन, नैतिकवान हुन सिक्नुहोस् । जीवनका चुनौतीहरु स्वीकार गर्नुहोस् । जीवनमा जुनसुकै पेशा अंगाले पनि आफ्नो पेशाको गरिमा कायम राख्नु तपाईंको कर्तव्य हो ।

यहाँहरु सबैलाई उज्ज्वल भविष्यको कामना गर्दछु ।

धन्यवाद ।